आज मिति २०८२/०४/१३ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :

प्रस्ताव नं. १:

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २:

वडा स्तरिय तथा गाउँपालिका स्तरिय अनुगमन तथा सुपरीवेक्षण समितिको मासिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ३:

गत आ.व. २०८१/०८२ को आय व्ययको वार्षिक प्रगति विवरण सम्बन्धमा ।

प्रस्ताव नं. ४:

दीर्घ रोगीको औषधी उपचार खर्च बापतको भुक्तानी अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ५:

परामर्श सेवाबाट खरिद गरेका सेवा/अध्ययनका अन्तिम प्रतिवेदन स्वीकार सम्बन्धमा ।

प्रस्ताव नं. ६:

गाउँपालिकाको दोस्रो आवधिक विकास योजना (आ.व. २०८२/०८३-२०८६/०८७) स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ७:

करार सेवामा कार्यरत कर्मचारीको करार सम्झौताको अवधि थप सम्बन्धमा ।

प्रस्ताव नं. ८:

तमानखोला आधारभूत अस्पतालमा रिक्त रहेको मेडिकल अधिकृतको पदपूर्ती सम्बन्धमा ।

प्रस्ताव नं. ९:

गत वर्षको भुक्तानी बाँकी (खोलेस्वाङ तल्लो चौतारा सडक)को भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १०:

गत आ.व. २०८१/०८२ को वार्षिक समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. ११:

चालु आ.व. २०८२/०८३ को स्थानीय दररेट निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं. १२:

करार सेवामा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. १३:

सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

प्रस्ताव नं. १४:

सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।

प्रस्ताव नं. १५:

विविध सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८२/०४/१३ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वियन भएको र केही कार्यान्वियनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वियनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको आ.व. २०८१/८२ को स्वीकृत योजनाहरु मध्ये तमानखोला गाउँपालकाको गाउँपालिका स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका र वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका अनुसूची १ बमोजिमका योजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनहरु स्वीकृत गरी अन्तिम भुक्तानी भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३:

तमानखोला गाउँपालिकाको आ.व. २०८१/८२ को आय व्ययको वार्षिक प्रगति विवरण अनुसूची २ बमोजिम यस बैठकमा प्रस्तुत भई गाउँपालिकाको आय व्ययलाई बढाउन तथा थप व्यवस्थित गर्न गर्नुपर्ने सुधारका विषयमा छलफल गरियो ।

निर्णय नं. ४:

तमानखोला गाउँपालिकामा रहेका अनुसूची ३ बमोजिमका २१ जना दीर्घरोगीहरुले औषधी उपचार खर्च वापत पाउने आ.व. २०८१/०८२ को चौथो त्रैमासिक (बैशाख देखि असार मसान्तसम्म)को जम्मा खर्च रकम रु. ३,१५,०००/- (अक्षरेपी तीन लाख पन्ध्र हजार मात्र) भुक्तानी भएकोले उक्त भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ५:

गाउँपालिकाको कार्यालयबाट आ.व. २०८१/०८२ मा परामर्श सेवाबाट खरिद गरेका सेवा/अध्ययनका तपसिलका अन्तिम प्रतिवेदनहरु स्वीकार गरी उक्त सेवा खरिद वापत कार्यालयले गरेका सम्पूर्ण भुक्तानी अनुमोदन गर्ने ।

Scanned with CamScanner

तपसिलः

| क्र.सं. | खरिद गरेको सेवा | भुक्तानी रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|
| १ | तमानखोला गाउँपालिकाको दोस्रो आवधिक विकास योजना (आ.व. २०८२/०८३-२०८६/०८७) | ११,९४,४१०/- | |
| २ | तमानखोला गाउँपालिकाको भिडियो वृत्तचित्र (Video Documentary) | ४,९७,२००/- | |
| ३ | तमानखोला गाउँपालिकाका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण | २,०६,६००/- | |
| ४ | तमानखोला गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, २०८०/०८१ | १,९६,६२०/- | |

निर्णय नं. ६:

तमानखोला गाउँपालिकाको दोस्रो आवधिक विकास योजना (आ.व. २०८१/०८२-२०८६/०८७) को अन्तिम प्रतिवेदन यस बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदनमा केही आवश्यक संशोधन सहित स्वीकृत गरियो ।

निर्णय नं. ७:

तमानखोला गाउँपालिकाको कार्यालयमा विभिन्न पद तथा तह/श्रेणी र श्रेणी विहिन पदमा करार सेवामा कार्यरत अनुसूची ४ बमोजिमका कर्मचारीहरुको करार सम्झौताको अवधि मिति २०८२ साल पुस मसान्तसम्म थप गर्ने । त्यस्तै, तमानखोला गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फ विभिन्न स्वास्थ्य संस्थामा विभिन्न पद तथा तह/श्रेणी र श्रेणी विहिन पदमा करार सेवामा कार्यरत अनुसूची ५ बमोजिमका कर्मचारीहरुको करार सम्झौताको अवधि मिति २०८२ साल पुस मसान्तसम्म थप गर्ने ।

निर्णय नं. ८:

तमानखोला गाउँपालिका वडा नं. १, बोङ्गादोभान स्थित ५ शैयाको तमानखोला आधारभूत अस्पतालमा मेडिकल अधिकृत पदमा कार्यरत डा. सन्तोष बोहोराले करार सेवा निरन्तरता दिन नचाहेको जानकारी दिएकोले उक्त पदमा तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी

Scanned with CamScanner

व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन समेत), २०७७ बमोजिम करार सेवाबाट पदपुर्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ९:

तमानखोला गाउँपालिका वडा नं. २ स्थित खोलेस्वाङ तल्लो चौतारा सडक योजनाका लागि आ.व. २०८१/०८२ मा रु. ३,००,०००/- बजेट विनियोजन भएकोमा उपभोक्ता समितिसँग योजना सम्झौता भई निर्माण सम्पन्न भए पश्चात उक्त योजनाको बजेट स्रोतमा पर्याप्त रकम प्राप्त नभएको कारण रु. ९१,९९९/- (अक्षरेपी एकानब्बे हजार नौ सय उनान्सय मात्र) भुक्तानी भएको र उक्त योजनाको बाँकी रकम भुक्तानीका लागि चालु आ.व. २०८२/०८३ मा समेत रु. २,००,०००/- बजेट विनियोजन भएको हुँदा भुक्तानी हुन बाँकी रकम रु. १,९६,००१/- (अक्षरेपी एक लाख छयानब्बे हजार एक मात्र) भुक्तानीका लागि निर्देशन दिने ।

निर्णय नं. १०:

तमानखोला गाउँपालिकाको गत आ.व. २०८१/०८२ को वार्षिक समीक्षा मिति २०८२ साल श्रावण २८ गते गाउँपालिकाको सभाहलमा आयोजना गर्ने ।

निर्णय नं. ११:

चालु आ.व. २०८२/०८३ का लागि बागलुङ जिल्लाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी तमानखोला गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्थानीय दररेट निर्धारण गर्ने ।

निर्णय नं. १२:

यस बैठकमा प्रस्तुत तथा छलफल भएको करार सेवामा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. १३:

यस बैठकमा प्रस्तुत तथा छलफल भएको सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. १४:

चालु आ.व. २०८२/०८३ का लागि सामाजिक सुरक्षा भत्ता नवीकरण मिति २०८२ भदौ मसान्तसम्म गर्नुपर्ने व्यवस्था रहेकोमा तमानखोला गाउँपालिकाका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरु ठूलो संख्यामा देशका मुख्य सहरहरु काठमाडौं, पोखरा र भैरहवामा रहेको तथा वर्षा यामको समयमा नवीकरणका लागि वडा कार्यालयमा उपस्थित हुन समस्या हुने भनी विभिन्न

Scanned with CamScanner

माध्यमबाट गुनासो आएको कारण सम्पूर्ण वडाका लाभग्राहीको सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने गरी गाउँपालिकाले आवश्यक जनशक्ति र सामाग्री सहित तपसिल बमोजिम सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर सञ्चालन गर्ने ।

तपसिलः

| क.सं. | शिविर सञ्चालन गर्ने स्थान | शिविर सञ्चालन गर्ने मिति | कैफियत |
|---|---|---|---|
| १ | पोखरा | २०८२/०५/०२ गते | |
| २ | काठमाडौं | २०८२/०५/०४ र ०५ गते | |
| ३ | भैरहवा | २०८२/०५/०७ गते | |

निर्णय नं. १५:

क) गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा करार सेवामा कार्यरत शिक्षक र विद्यालय कर्मचारीको करार सेवाको सम्झौता अवधि थप सहितको विवरण माग गर्ने । साथै, सम्पूर्ण सामुदायिक विद्यालयहरुको मौजुदा विद्यालय व्यवस्थापन समितिको अवधि विवरण माग गर्ने ।

ख) तमानखोला गाउँपालिका वडा नं. १ स्थित गुर्जाघाटमा चार्जिङ स्टेशन निर्माणका गर्नका लागि कन्टिन्जेन्सी रकमबाट खर्च हुने गरी आवश्यक व्यवस्था गर्ने ।

Scanned with CamScanner